NEW YORK STATE OF OPPORTUNITY.™ | Division of Licensing Services

New York State
**Department of State**
**Division of Licensing Services**
**Appearance Enhancement**
P.O. BOX 22049
Albany, NY 12201-2049
ग्राहक सेवा: (518) 474-4429
www.dos.ny.gov

# नङ विशेष सीप प्रशिक्षार्थी आवेदन

***शीघ्र तथा सहज प्रक्रियाका लागि, इजाजतपत्र सेवा विभागले आवेदकहरूलाई अनलाइन आवेदन दिन प्रोत्साहित गर्दछ। अनलाइन सेवा प्रयोग गर्नाले तपाईंको आवेदन प्रक्रिया तथा अद्यावधिकहरू छिटो हुनुका साथै, तपाईंले इजाजतपत्र प्रक्रिया अवधिभरि आफ्ना इजाजतपत्र सम्बन्धी रेकर्डहरू हेर्न र पहुँच गर्न पनि मिल्छ।*** *(यस दर्ताका लागि अनलाइन सेवाहरू निकट भविष्यमा उपलब्ध हुनेछन्।)*

***हाम्रो यो वेबसाइट हेर्नुहोस्: www.dos.ny.gov***

***थप जानकारीका लागि कृपया यी निर्देशनहरूको अनलाइन खण्ड हेर्नुहोस्।***

*आवेदन भर्नुअघि निर्देशनहरू ध्यानपूर्वक पढ्नुहोस्। सबै क्षेत्रहरू भर्नु अनिवार्य छ, अपूर्ण आवेदनहरू फिर्ता पठाइनेछन्, तथा इजाजतपत्र प्रदान गर्नमा ढिलाई हुनेछ। आवेदन वा सहायक कागजातहरूमा कुनैकुरा छुटेमा, अशुद्ध भएमा वा पूर्ण खुलासा गर्न नसकेमा इजाजतपत्र दिन अस्वीकार गर्ने उपयुक्त कारण पनि हुनसक्छ, वा, यदि इजाजतपत्र जारी भइसकेको छ भनेपनि इजाजतपत्रमा निलम्बन वा बदर हुनसक्छ।*

### नङ विशेष सीप व्यवसाय कुन-कुन कुराहरू समेट्दछ?

*नङ विशेष सीप व्यवसाय* भनेको शुल्क लिएर वा कुनै अन्य प्रतिफल लिएर हात र खुट्टाका नङहरू काट्ने, आकृति मिलाउने वा सौन्दर्यता वृद्धि गर्ने जस्ता सेवाहरू प्रदान गर्नु हो। नङ विशेष सीप अन्तर्गत चित्रात्मक वा कृत्रिम नङहरू बनाउने वा हटाउने कामहरू पनि पर्दछन्।

### नङ विशेष सीप प्रशिक्षार्थी दर्ताका लागि क-कसले आवेदन दिनु पर्दछ?

सौन्दर्य वृद्धि व्यवसायमा लागेका नङ सम्बन्धी विशेषज्ञको रेख-देख, सुरपेरीवेक्षण, तथा निर्देशनमा इमान्दारपूर्वक नङ विशेष सीप व्यवसायको पाठ्यक्रमको अध्यन गरिरहेको व्यक्तिले NYS राज्य विभागबाट दर्ताको प्रमाणपत्र प्राप्त गर्नुपर्छ।

### दर्ता शुल्क र अवधि कति छ?

आवेदन शुल्क लाग्दैन। तपाईंको दर्ता प्रमाणपत्र एक वर्षका लागि मान्य हुनेछ र त्यसलाई दोस्रो वर्षका लागि नवीकरण गर्न सकिन्छ।

### के दर्ता प्रमाणपत्रले मलाई सौन्दर्य वृद्धि व्यवसाय सञ्चालन गर्ने अनुमति दिन्छ?

दिँदैन। नङ विशेष सीप प्रशिक्षार्थीको रूपमा रहेको दर्ता प्रमाणपत्रले तपाईंलाई सौन्दर्य वृद्धि व्यवसाय वा एरिया रेन्टर इजाजतपत्रको अधिकार दिँदैन।

### मैले नङ विशेष सीप इजाजतपत्रका लागि के-कस्ता योग्यताहरूको स्तरवृद्धि (अपग्रेड) गर्नुपर्छ?

यदि प्रशिक्षार्थीले एक वर्षको अवधिसम्म सक्रिय रूपमा प्रशिक्षार्थी कर्मचारीको रूपमा काम गरेको छ र मान्यता प्राप्त 27-घण्टे पाठ्यक्रमको अध्यन पूरा गरी लिखित र प्रयोगात्मक परीक्षा गरेको छ भने नङ विशेष सीप प्रशिक्षार्थीले नङ विशेष सीप व्यवसाय गर्न इजाजतपत्र प्राप्त गर्न सक्छन्। त्यस्तो पाठ्यक्रम विद्युतिय माध्यबाट पनि प्रदान गर्न सकिन्छ।

### मेरा सुपेरीवेक्षण गर्ने नङ सम्बन्धी विशेषज्ञ परिवर्तन हुनुभयो भने के हुन्छ?

तपाईंले इजाजतपत्र सेवा विभागलाई परिवर्तनको बारेमा जानकारी गराउनु पर्दछ। यसले गर्दा तपाईंको दर्ता प्रमाणपत्र यस विभागमै जारी छ भन्ने कुराको सुनिश्चित गर्दछ।

### मैले कागजी आवेदनमा मेरो इमले ठेगाना प्रदान गर्न किन आवश्यक छ?

तपाईंको इमेल ठेगाना तपाईंको NYS इजाजतपत्र केन्द्र खाता (एकाउन्ट) खोल्न प्रयोग गरिनेछ। अधिकांश सूचनाहरू इमेल मार्फत पठाइनेछन्। यदि तपाईंले भविष्यमा आफ्नो इमेल ठेगाना परिवर्तन गर्नुभयो भने, तपाईंले आफ्नो खातामा लग इन गरेर आफ्नो नयाँ इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ।

### नङ सैलून तथा कामदारहरूलाई प्रभावित गर्ने आवश्यकताहरू (requirements) सम्बन्धी थप जानकारी मैले कहाँबाट प्राप्त गर्न सक्दछु?

कामदारका उपकरण आवश्यकताहरू र नङ कला प्रशिक्षार्थीको अधिकार पत्र सम्बन्धी थप जानकारी प्राप्त गर्न हाम्रो वेबसाइट www.dos.ny.gov मा हेर्नुहोस्।

### दर्ता हुनका लागि के मैले शारीरिक परीक्षण गराउनु पर्दछ?

पर्दछ। नङ विशेष सीप प्रशिक्षार्थीमा दर्ताका लागि आवेदन दिन तपाईंले चिकित्सक, चिकित्सक सहयोगी वा नर्स चिकित्सकबाट शारीरिक जाँच गराउनु पर्दछ। तपाईंको **चिकित्सक, चिकित्सक सहयोगी वा नर्स चिकित्सक** ले आवेदनको स्वास्थ्य प्रमाणीकरण खण्ड वा यदि तपाईं अनलाइन आवेदन दिइरहनु भएको छ भने स्वास्थ्य प्रमाणीकरण फाराम (DOS-1948) मिति सहित उल्लेख गरी भर्नु पर्दछ। तपाईंले प्रमाणपत्रमा मिति उल्लेख गरी हस्ताक्षर गरेको 30 भित्रमा आवेदन पेश गर्नु पर्दछ।

### बाल सहायता विवरण

तपाईंका बालबालिकाहरु वा सहायता दायित्व भएपनि वा नभएपनि न्यूयोर्क राज्यमा (साधारण दायित्व कानून) बाल सहायता विवरण अनिवार्य छ। **कुनै व्यक्तिले बाल सहायतामा चार वा सोभन्दा बढी महिना सम्मको कुनै रकम तिर्न बाँकी छ भने, उक्त व्यक्तिको व्यवसायिक, पेशागत तथा सवारी चालक इजाजतपत्र निलम्बनको विषय अन्तर्गत पर्न सक्छ।** सहायता दायित्वहरूको कानूनी प्रवर्तनलाई कुण्ठित वा निष्फल पार्ने उद्देश्यले जानीजनी झुठो लिखित विवरण पेश गर्नु दण्ड विषयक कानूनको §175.35 अन्तर्गत दण्डनीय मानिन्छ। ठगी गर्ने उद्देश्यले राज्य वा स्थानीय सरकारलाई दायर गराउनका लागि गलत साधन (दस्तावेज) प्रदान गर्नु वर्ग E को महाअपराध हो।

**अनलाइन सेवाहरू बारे जानकारी:**

**शीघ्र तथा सहज प्रक्रियाका लागि, इजाजतपत्र सेवा विभागले आवेदकहरूलाई अनलाइ आवेदन दिन प्रोत्साहित गर्दछ। अनलाइन सेवा प्रयोग गर्नाले तपाईंको एप्लिकेसन प्रक्रिया तथा अद्यावधिकहरू छिटो हुनुका साथै, तपाईंले इजाजतपत्र प्रक्रिया अवधिभरि आफ्ना इजाजतपत्र सम्बन्धी रेकर्डहरू हेर्न र पहुँच गर्न पनि मिल्छ।**

थप पूर्ण निर्देशनहरू र अन्य अनलाइन जानकारीका लागि http://www.dos.ny.gov/licensing/lc-faq.htmlमा FAQ's (प्राय: सोधिने प्रश्नहरू) हेर्नुहोस्

**अनलाइनमा के-कस्ता कार्यहरू र जानकारी उपलब्ध छन्?**

- पूर्ण प्रारम्भिक आवेदन
- आवेदनको स्थिति जाँच
- तपाईंको इजाजतपत्रको नवीकरण
- परीक्षाको समय तालिका र नतिजा हेर्ने
- इजाजतपत्रको स्थिति जाँच
- इजाजतपत्र सम्बन्धी जानकारी संशोधन
- प्रतिलिपि इजाजतपत्रका लागि अनुरोध

**मैले NYS इजाजतपत्र केन्द्र (NYSLC) मा कसरी खाता दर्ता गर्ने?**

NYS इजाजतपत्र केन्द्र (NYSLC) मा खाता दर्ता गराउनका लागि, तपाईं सर्वप्रथम My NY.gov मा दर्ता हुनुपर्छ। यदि तपाईं अहिले My NY.gov मा दर्ता हुनुभएको छैन भने, My NY.gov को दर्ता साइट https://aca.licensecenter.ny.gov/aca/ मा जानुहोस् र 'I need a NY.gov ID (मलाई न्यूयोर्क सरकारको आइडी चाहिन्छ)' नामक लिङ्कमा क्लिक गर्नुहोस् र My NY.gov दर्ता पूरा गर्नुहोस्। तपाईं My NY.gov मा दर्ता भइसकेपछि, तपाईंलाई My NY.gov मा उपलब्ध हुने विकल्पहरूबाट NYS इजाजतपत्र केन्द्र विकल्प चयन गर्नुहोस्। NYS License Center (NYS लाइसेन्स सेन्टर) मा गएर, दायाँ पट्टी माथिल्लो कुनामा रहेको 'Account Management' नामक लिङ्कमा क्लिक गर्नुहोस्। आवश्यक क्षेत्रहरू भर्नुहोस् र यो डाटा तपाईंको खाता प्रयोग गरी सिर्जना गरिने सबै नयाँ आवेदनहरूमा अग्रिम रूपमा गएर बस्नेछ (आफै भरिनेछ)। तपाईंले भरेर यो डाटा सुरक्षित (save) गरिसकेपछि, आगाडि बढ्न 'Home' ट्याबमा क्लिक गर्नुहोस्।

**यदि मसँग पहिले देखि नै My NY.gov खाता छ भने के हुन्छ?**

यदि तपाईंले My NY.gov मा पहिले नै दर्ता गरिसक्नु भएको छ भने, My NY.gov मा गएर साइन इन गर्नुहोस्, त्यसपछि तपाईंलाई My NY.gov मा उपलब्ध विकल्पहरूबाट NYS इजाजतपत्र केन्द्र विकल्प चयन गर्नुहोस्। यसले तपाईंको NYS इजाजतपत्र केन्द्र खात सिर्जना गर्नेछ। NYS इजाजतपत्र प्राप्त केन्द्रमा गएर, दायाँ पट्टी माथिल्लो कुनामा रहेको 'Account Management (खाता व्यवस्थापना)' नामक लिङ्कमा क्लिक गर्नुहोस्। आवश्यक क्षेत्रहरू भर्नुहोस् र यो डाटा तपाईंको खाता प्रयोग गरी सिर्जना गरिने सबै नयाँ आवेदनहरूमा अग्रिम रूपमा गएर बस्नेछ (आफै भरिनेछ)। तपाईंले भरेर यो डाटा सुरक्षित (save) गरिसकेपछि, आगाडि बढ्न 'Home (घर)' ट्याबमा क्लिक गर्नुहोस्।

**NYS इजाजतपत्र केन्द्रमा मैले इजाजतपत्रका लागि कसरी आवेदन दिने?**

NYS इजाजतपत्र केन्द्रमा इजाजतपत्रका लागि आवेदन दिन, तपाईंले खाता सिर्जना गर्नुपर्दछ वा विद्यमान खातामा लगइन गर्नुपर्दछ। अनलाइनमा आफ्नो इजाजतपत्रका लागि आवेदन दिन यी चरणहरूको पालना गर्नुहोस्:

- खाता दर्ता गर्नुहोस् वा आफ्नो खातामा लगइन गर्नुहोस् (माथिको "मैले NYS इजाजतपत्र केन्द्र (NYSLC) मा कसरी खाता दर्ता गर्ने" हेर्नुहोस्)
- तपाईं NYS इजाजतपत्र केन्द्रमा लगइन भइसकेपछि, 'Home (घर)' ट्याबमा 'Apply now for a new license or permit (नयाँ लाइसेन्स वा अनुमतिको लागि अहिले आवेदन दिनुहोस)' नामक शिर्षक चयन गर्नुहोस्
- अनलाइनमा उपलब्ध आवेदन निर्देशनहरूको पालना गर्नुहोस्
- सहायक दस्तावेजहरू अपलोड गर्नुहोस्
- भुक्तानी गर्नुहोस् र पुष्टिकरण पृष्ठ छाप्नुहोस् (प्रिन्ट)

तपाईं आफ्नो खातामा लग इन गरेर आफ्नो आवेदनको स्थति हेर्न सक्षम हुनुहुनेछ।

**मैले अनलाइनमा अतिरिक्त इजाजतपत्र कसरी सिर्जना गर्ने?**

अतिरिक्त इजाजतपत्रका लागि आवेदन दिन, आफ्नो खातामा लगइन गर्नुहोस् र 'Manage My Licenses' नामक ट्याबमा क्लिक गर्नुहोस् र त्यसपछि 'Apply now! For a New License or Permit' नामक लिङ्क चयन गर्नुहोस्। नियम तथा शर्तहरू पढेर स्वीकार गर्नुहोस् र सिस्टमले तपाईंलाई त्यहाँबाट निर्देशित गर्नेछ।

**मैले अनलाइनमा इजाजतपत्र कसरी नवीकरण गर्ने?**

यदि तपाईंसँग पहिले नै NYS इजाजतपत्र केन्द्र खाता छ भने, तपाईंको इजाजतपत्रको म्याद सकिन तीन महिना बाँकी छँदै तपाईं इमेल मार्फत नवीकरण सूचना प्राप्त गर्नुहुनेछ। इमेलमा तपाईंको खाताको लिङ्क समावेश भएको हुन्छ। लङ्कमा क्लिक गर्नुहोस् र नवीकरण आवेदन मार्फत अगाडि पढ्नुहोस्।

यदि तपाईंसँग पहिले नै NYS इजाजतपत्र केन्द्र खाता छैन भने, तपाईंको इजाजतपत्रको म्याद सकिन तीन महिना बाँकी छँदै तपाईं पत्र मार्फत आफ्नो नवीकरण सूचना प्राप्त गर्नुहुनेछ। यस पत्रमा NYS इजाजतपत्र केन्द्रमा काता सिर्जना गर्ने निर्देशनहरू समावेश हुनेछन्।

**अनलाइन सिस्टमका लागि मेरो प्रयोगकर्ता आइडी के हो?**

जब तपाईं My NY.gov मा आफ्नो खाता सिर्जना गर्नुहुन्छ, तपाईं एउटा विशेष (अरूसँग नमिल्ने) प्रयोगकर्ता आइडी सिर्जना गर्नुहुनेछ र आफ्नो इमेल प्रयोग गर्नुहुनेछ। त्यसपछि तपाईं प्रयोगकर्ता आइडी मार्फत आफ्नो खातामा पहुँच गर्न सक्षम हुनुहुनेछ।

**मैले कसरी मेरो अनलाइन खाता जानकारी अद्यावधिक गर्ने?**

तपाईंले दुईवटा स्थानहरूमा आफ्नो अनलाइन खाता जानकारी अद्यावधिक गर्नुपर्दछ। तपाईंले आफ्नो डाटा My NY.gov र आफ्नो NYS इजाजतपत्र केन्द्र खातामा अद्यावधिक गर्न आवश्यक हुनेछ। My NY.gov मा, आफ्नो खाता व्यवस्थापन सम्बन्धी जानकारीका लागि FAQs हेर्नुहोस्।

आफ्नो NYS इजाजतपत्र केन्द्र खातामा लगइन गर्नुहोस्, माथिल्लो पङ्क्तिमा तपाईं 'Manage My Licenses (मेरो लाइसेन्सहरु व्यवस्थित गर्नुहोस)' शिर्षकको एउटा लिङ्क देख्नुहुनेछ। त्यहाँबाट तपाईं सम्पर्क जानकारी परिवर्तन सम्बन्धी संशोधन गरी आफ्नो खाता जानकारी अद्यावधिक गर्न सक्नुहुनेछ।

**म अनलाइन आवेदन दिइरहेको छ, मैले यस विभागलाई मेरो शारीरिक परीक्षणको बारेमा कसरी सूचित गराउने?**

नङ विशेष सीप प्रशिक्षार्थीमा दर्ताका लागि आवेदन दिन सबै आवेदकहरूले चिकित्सक, चिकित्सक सहयोगी वा नर्स चिकित्सकबाट शारीरिक जाँच गराउनु पर्दछ। आवेदन चिकित्सक, चिकित्सक सहयोगी, वा नर्स चिकित्सकद्वारा शारीरिक परीक्षण गरिएको 30 दिन भित्रमा पेश गर्नु पर्दछ र आवेदनमा तिनीहरूको नाम र सम्पर्क जानकारी समावेश भएकै हुनुपर्छ। स्वास्थ्य प्रमाणीकरण फाराम (DOS-1948) पूरा गर्नैपर्छ र यसलाई राज्य विभागको वेबसाइटबाट डाउनलोड गर्न सकिन्छ।

तपाईंको अनलाइन आवेदनमा NYS इजाजतपत्र केन्द्र प्रयोग गरेर, तपाईंले पूरा भरिएको स्वास्थ्य प्रमाणीकरण फारमा समावेश जानकारीको प्रयोग गर्नैपर्छ। तपाईंले यस फारामबाट सिस्टम भित्र रहेका स्वास्थ्य प्रमाणीकरण क्षेत्रहरूमा जानकारी भर्नु पर्दछ।
कृपया ध्यान दिनुहोस्: आवश्यकताहरूको पालना गरिएको छ कि छैन भनी सुनिश्चित गर्न पूर्ण रूपमा भरिएको यो स्वास्थ्य प्रमाणीकरण फाराम अनुसन्धानकर्ताको परीक्षणको विषय बन्न सक्छ। परीक्षणको उद्देश्यका लागि यस फारामको प्रमाण तपाईंको कार्यालय परिसरमा कायम राखिनु पर्दछ।

**<u>गोपनीयता सूचना</u>**
**के मैले आवेदनमा आफ्नो सामाजिक सुरक्षा तथा संघीय आइडी नम्बरहरू प्रदान गर्नु आवश्यक छ?**
छ, यदि तपाईंसँग सामाजिक सुरक्षा नम्बर वा संघीय आइडी नम्बर छ भने, तपाईंले यो नम्बर उपलब्ध गराउनु आवश्यक छ। यदि तपाईंसँग सामाजिक सुरक्षा नम्बर वा संघीय आइडी नम्बर छैन भने, कृपया लिखित स्पष्टीकरण दिनुहोस्।
सबै इजाजतपत्रहरूका संघीय सामाजिक सुरक्षा नम्बर र रोजगारदाता पहिचान नम्बर सङ्कल गर्नु राज्य विभागको आवश्यकता हो। त्यस्तो व्यक्तिगत जानकारीको अनुरोध गर्ने तथा अनुरक्षण गर्ने विभागको अधिकार कर कानूनको §5 र साधारण दायित्व कानूनको §3-503 मा पाइन्छ। तपाईंले अनिवार्य रूपमा खुलासा गर्नुपर्दछ। यो जानकारी कर निर्धारण तथा वित्त विभागलाई कर विवरणी पेश गर्ने कर्तव्यलाई बेवास्ता गरिरहेका वा आफ्ना कर दायित्वहरूको कम आकलन गरेका हुन सक्ने व्यक्ति, व्यवसाय र अन्यहरूलाई पहिचान गर्न र कर निर्धारण तथा वित्त आयुक्तले प्रभावमा ल्याएको करद्वारा प्रभावित व्यक्तिहरूलाई व्यापक रूपमा पहिचान गर्नमा सहायता गर्नको लागि सङ्कलन गरिएको हो। यो कर प्रसाशनका उद्देश्यहरू र कर कानूनले अधिकार प्रदान गरेको अरू उद्देश्यको लागि यसको प्रयोग गरिनेछ र यसलाई सहायताको आदेश स्थापित गर्न, संशोधन गर्न, वा प्रवर्तन गर्न सामाजिक सुरक्षा ऐनको शिर्षक IV-D अनुसार स्थापित यस राज्यका वा अन्य राज्यका बाल सहायता प्रवर्तन निकायहरू वा यसका आधिकारीक प्रतिनिधिहरूद्वारा पनि प्रयोग गरिन सक्छन्, तर यस जानकारीलाई सार्वजनिक गरिने छैन। यो जानकारीलाई प्रशासन तथा व्यवस्थापन निर्देशकद्वारा One Commerce Plaza, 99 Washington Avenue, Albany, NY 12231-0001 स्थित लाइसेन्सिङ जानकारी प्रणालीमा राखिनेछ।

**तपाईं मतदान गर्नका लागि आफ्नो नाम दर्ता गराउन चाहनुहुन्छ?**

कृपया www.elections.ny.gov/votingregister.html बाट NY स्टेट बोर्ड अफ इलेक्शन्स (NY State Board of Elections) मा जानुहोस् वा NYS भोटर रजिस्ट्रेसन फर्म (NYS Voter Registration form) अनुरोध गर्नका लागि **1-800-FOR-VOTE** मा फोन गर्नुहोस्।

अनलाइनमा दर्ता गराउनको लागि, कृपया www.ny.gov/services/register-vote मा जानुहोस्।

FOR OFFICE USE ONLY

APPLICATION NUMBER

_____ - __________________

New York State
**Department of State**
**Division of Licensing Services**
**Appearance Enhancement**
P.O. BOX 22049
Albany, NY 12201-2049
ग्राहक सेवा: (518) 474-4429
www.dos.ny.gov

# नङ विशेष सीप प्रशिक्षार्थी आवेदन

**तपाईंले प्रत्येक प्रश्नको उत्तर दिनुपर्छ र प्रतिक्रियाहरूलाई मसीमा मुद्रण गर्नुपर्छ।** यो आवेदन पूर्ण गर्नुअघि निर्देशनहरू पढ्नुहोस्।

## आवेदक विवरण

| नाम | थर | बीचको नाम | प्रत्यय | |
|---|---|---|---|---|
| घर ठेगाना (स्ट्रिट नम्बर र स्ट्रिट नाम प्रदान गर्नुहोस्) | | | सुइट, अपार्टमेन्ट, युनिट | |
| शहर | राज्य | हुलाक कोड+4 | काउन्टी | राष्ट्र |
| मेलिङ ठेगाना (यहाँ पोस्ट बक्स प्रदान गर्नुहोस्) | | | | |
| शहर | राज्य | हुलाक कोड+4 | काउन्टी | राष्ट्र |
| इ-मेल ठेगाना | सामाजिक सुरक्षा नम्बर (यदि जारी गरिएको छ) | संघीय करदाता आइडी (यदि जारी गरिएको छ) | | |
| जन्म मिति | घरको फोन | मोबाइल फोन | व्यवसाय फोन | |

## पृष्ठभूमि तथ्याङ्क

**छ** वा **होईन**

तपाईंलाई कहिल्यै न्यूयोर्क राज्य नङ विशेष सीप प्रशिक्षार्थी दर्ता जारी गरिएको छ? _____ _____

**➔यदि "छ" भने,** दर्ता UID नम्बर र म्याद समाप्ति मिति प्रदान गर्नुहोस्:

नङ विशेष सीप प्रशिक्षार्थी दर्ता विशेष आइडी नम्बर UID # ________________ म्याद समाप्ति मिति ________________

**नङ विशेष सीप प्रशिक्षार्थीले इजाजतपत्र प्राप्त नङ विशेषज्ञको निगरानीमा काम गर्दछन् र इजाजतपत्र प्राप्त सौन्दर्य वृद्धि व्यवसायद्वारा रोजगारीमा राखिएको छ।**

**तपाईंले निम्न जानकारी प्रदान गर्नुपर्छ:**

| | |
|---|---|
| निरीक्षण गर्ने नङ विशेषज्ञको नाम | निरीक्षण गर्ने नङ विशेषज्ञको इजाजतपत्र विशेष आइडी नम्बर* |
| सौन्दर्य वृद्धि व्यवसाय नाम | सौन्दर्य वृद्धि व्यवसाय इजाजतपत्र विशेष आइडी नम्बर* |

** इजाजतपत्र विशेष आइडी नम्बर इजाजतपत्रको प्रमाणपत्रको माथिल्लो बायाँ कुनामा फेला पार्न सकिन्छ*

## नङ विशेष सीप प्रशिक्षार्थी आवेदन

**स्वास्थ्य प्रमाणीकरण** — ***तपाईंले यस आवेदनलाई आफ्नो शारीरिक जाँच गरेको 30 दिन भित्रमा पेश गर्नुपर्छ।***

म योग्य इजाजतपत्र प्राप्त चिकित्सक, चिकित्सक सहायक वा नर्स व्यवसायी हुँ र यस आवेदनमा नामांकित व्यक्तिलाई ______________________________ (*शारीरिक जाँचको मिति*) मा नियमित जाँच गर्दा, मैले आवेदकको पेशा सञ्चालन गर्दा नागरिकको सदस्यको स्वास्थ्य वा सुरक्षालाई सार्थक जोखिम वा प्रत्यक्ष खतरा पार्न सक्ने सङ्क्रामक वा सरूवा रोगको उपस्थितिको कुनैपनि क्लिनिकल प्रमाण फेला पारिन।

*चिकित्सकको नाम* ______________________________

*व्यवसाय गर्ने ठेगाना* ______________________________

______________________________

*चिकित्सकको हस्ताक्षर* ______________________________ *मिति* ______________

---

**बाल सहायता बयान** —

**यस आवेदनमा हस्ताक्षर गरेर,** म प्रमाणित गर्दछु कि यस आवेदनको मितिदेखि, म बाल सहायताको लागि भुक्तानी गर्ने दायित्वमा छैन **वा** यदि मसँग बाल सहायतको लागि भुक्तानी गर्ने दायित्व छ भने, म बाल सहायताको भुक्तानीको बचतको लागि चार वा थप महिनासम्म हुनेछैन वा मैले आय कटौती वा अदालतद्वारा स्वीकृत भुक्तानी वा पुन: भुक्तानी योजना वा पक्षहरूद्वारा स्वीकृत योजनाद्वारा भुक्तानी गर्दैछु वा मेरो बाल सहायता दायित्व विचाराधीन अदालय कार्यवाहीको पात्र हो वा मैले सार्वजनिक सहायता वा पूरक सुरक्षा आय प्राप्त गर्दैछु।

**आवेदक प्रतिज्ञा** — म मिथ्या शपथको दण्डहरूको अन्तर्गत रहेर स्वीकार गर्दछु कि यस आवेदनमा रहेका बयनाहरू साँचो र सही छन्। म थप स्वीकार गर्दछु कि मैले सामान्य व्यवसाय कानूनको धारा 27 को व्यवस्था र त्यहाँ प्रकाशित नियमहरू र नियमनहरू पढेको तथा बुझेको छु।

*आवेदकको हस्ताक्षर*

**X** ______________________________ *मिति* ______________

तपाईंले नवीकरण सूचनाहरू र तपाईंको इजाजतपत्रमा उपयुक्त रहेका कुनैपनि
अन्य सूचनाहरू प्राप्त गर्न तपाईंले यस विभागको
कुनैपनि परिवर्तनहरूलाई आफ्नो आवास र इमेल ठेगाना सूचित गर्नु महत्वपूर्ण हुन्छ।